# आर्थिक वर्ष २०७६।०७७ को

# कार्यक्रम तथा बजेट

## डिलासैनी गाँउपालिका

बैतडी जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल

**डिलासैनी गाँउपालिकाको तेस्रो गाँउसभाको सभाध्यक्ष,**

**विशिष्ट अथितिहरु, अथितिगण,**

**गाँउसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु तथा**

**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्न, सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस डिलासैनी गाँउपालिकामा गाँउ सभाको गठन भएको दुइ वर्ष पुरा भइ तेस्रो वर्षको शुरुवाति अवस्था छ । सार्वभौमसत्ता सम्पन्न यस गाँउपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।

आ.ब. ०७६/७७ को बजेट प्रस्तुत गरिरहँदा मुलुकलाई यो अवस्था सम्म ल्याई पुऱ्याउन हुने जनआन्दोलन तथा संघर्षको क्रममा सहादत हुनु भएका सम्पूर्ण शहिदप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु ।

संघीयता र स्थानीय सरकार मार्फत **घरघरमा अधिकार,गाँउगाँउमा सिंहदरबार** जस्ता सिद्धान्तलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो तहलाई अधिकारसम्पन्न बनाउने प्रयास स्वागतयोग्य रहेको छ । नेपालमा राजनैतिक परिवर्तनका विभिन्न कालखण्डहरु पारगर्दै संसारकै उच्चतम स्थानीय स्वायत्तताको अवस्थामा छौं । कुनै पनि व्यवस्था भन्दा व्यवहार र क्षमता ठूलो रहेछ भन्ने सिद्धान्त स्थापित हुँदै गएको छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२ को निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

## चालु आ.व.को समिक्षाः

## आदरणीय गाँउसभा अध्यक्ष तथा सदस्य ज्यूहरु

डिलासैनी गाँउपालिकाको उपाध्यक्षको हैसियतले म यस गाँउपालिकाको पाँचौ गाँउ सभा समक्ष चालु आर्थिक वर्ष २०७५।०७६को समिक्षा तथा आगामी आर्थिक बर्ष २०७६।०७७ को अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

विगत १५ वर्षदेखि जनप्रतिनिधि विहीन रहेको स्थानिय निकाय नेपालको संविधान अनुरुप पुनर्संरचना भई स्थानीय तहको निर्वाचन सम्पन्न भई आज डिलासैनी गाँउपालिकामा स्थानीय सरकारको रुपमा स्थापना भएको अवस्थामा गाँउपालिकाको आर्थिक बर्ष २०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम गाँउसभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएको छु ।

संविधान कार्यान्वयनका क्रममा तीनै तहका निर्वाचन सम्मन्न भएपछि देश अब राजनीतिक संक्रमणबाट क्रमशः आर्थिक समृद्धि तर्फ उन्मुख भएको सन्दर्भमा डिलासैनी गाँउको विकास र संमृद्धिका लागि गत बर्ष पेश भएको नीति, कार्यक्रम तथा विनियोजित बजेटको समिक्षा गर्दै आगामी आ.ब. ०७६।०७७ को लागि प्रस्तावित बजेट पाचौगाँउ सभाबाट पारित गरी सुशासन र समृद्धिको महान यात्रा तय गर्ने क्रममा हामी जुटिरहेका छौं ।

नागरिकहरु विकासको व्यग्र प्रतिक्षामा छन् । समुन्नत नेपाल सवै नेपालीको एकमात्र सपना भएको छ । देश विकास हुन गाँउको विकास आवश्यक छ । संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनाको साथै आफ्नो गाँउको विकासमा नागरिकहरु प्रत्यक्ष संलग्न हुने अवसरको रुपमा स्थानीय तहको निर्वाचन भई जननिर्वाचित प्रतिनिधिको उपस्थिति भएको छ । विकासका लागि यसलाई अवसरका रुपमा लिएको छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले विकासको प्रवल सम्भावना रहेता पनि द्रुत विकासका लागि हाम्रा सामु केही चुनौतिहरु विद्यमान छन् ।

राज्यको पुनर्सरचनासंगै स्थानीय तह निर्माण त भएको छ तर संस्थागत संरचनाहरुको पूर्णताको लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन जस्ता विषयहरु, विषयगत क्षेत्रका कार्यालयको उपस्थिति र जनशक्ति त्यसका लागि भौतिक पूर्वाधारको अभाव रहनुका बाबजुत छिटो छरीतो रुपमा सेवा प्रवाह गर्नु ,

विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याई विकास निर्माण प्रक्रियामा उनीहरुको अपनत्व अनुभुति गराउनु, कृषि क्षेत्रको व्यवसायीकरण तथा विविधिकरणसहित आधुनिकीकरण गरी उत्पादशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्धारा रोजगारी सिर्जना गर्ने,

सुशासन प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन क्षेत्रका नयाँ गन्तब्यहरु पहिचान गर्दै पर्यटनलाई आम जनजीवनको अभिन्न अंगको रुपमा विकास तथा प्रवर्द्धन गर्ने कृषि पर्यटनसँग आवद्धता गर्ने, जलवायु अनुकूलन कायम राखी वातावरणीय सन्तुलन कायम राख्ने,

भौतिक पूर्वाधारको विकासमा लगानी बृद्धि गर्ने तथा दिगो विकासलाई आत्मासाथ गर्ने,औद्योगिक क्षेत्रलाई मर्यादित र सुरक्षित गर्ने, सामाजिक विकासलाई संस्थागत गरी सन्तुलित वितरण र समावेशी विकास गरि विकासको प्रतिफल हासिल गर्ने,

- आन्तरिक आयलाई दीगो, भरपर्दो र अनुमानयोग्य बनाउने लगायतका चुनौतिहरु हाम्रा सामु विद्यमान छन् ।अहिले आएर प्रत्येक स्थानीय तहमा विकास निर्माणका आयोजनाहरु तिब्र रुपमा अघि बढेरहेका छन् । जसले गर्दा स्थानीय तहहरु एक अर्कोमा प्रतिस्पर्धि भएका छन् ।

- गाँउ बस्तिका युवाहरु विदेशिएका छन् त्यसैले विकास निर्माणका कार्यहरुमा युवाहरुको संलग्नता कम हुनु ।
- संस्थागत क्षमताको कमि, जनशक्तिको अभाव, अनुभवको कमि र जनताले स्थानीय सरकार प्रती गरेका ठुलो आशा र भरोशा विच सन्तुलन ल्याउनु ।
- स्थानिय स्रोतका परिचालन तथा राजश्व संकलन
- स्थानिय तहमा भएको पुनरसंचना अनुरुपको संस्थागत र कानुनी व्यवस्थाका
- परम्परागत रुपमा रहेको कृषि प्रणालीको रुपान्तरण
- शिक्षा नीतिको कार्यान्वयन
- विपद व्यवस्थापन
- भौगोलिक विकटता
- सामाजिक बिकृति, विसंगति र अन्धविश्वास

उल्लेखित चुनौतिहरुका बावजुत डिलासैनी गाँउपालिकाका सामु तपसिल बमोजिमका अवसरहरु रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधिहरुको वहाली, केन्द्र मातहतको स्थानीय निकायबाट संवैधानिक स्थानीय सरकारको रुपमा वित्तीय हस्तान्तरणको व्यवस्था,
- स्थानीय स्तरमै सेवाप्रवाह हुनेगरी घरदैलोमा सरकारी सेवा सुविधा पुग्ने गरी संरचनात्मक परिवर्तन,
- नागरिकहरुमा आएको उत्साह र जनप्रतिनिधिहरुको प्रतिवद्धता,
- सूचना र प्रविधिमा आएको विकास एवं जैविक विविधता र पर्यावरणीय अनुकुलता, डिलासैनी गाँउपालिकाका सचेत नागरिक,
- उत्पादनशील कृषि भूमि, बजार केन्द्रहरुसँगको सहज पहुँच, नवीकरणीय उर्जाको प्रचुर सम्भावना,
- यस गाँउपालिकामा रहेको डिलासैनी मन्दिर, कफलासैनी मन्दिर, दुर्गा भवानि मन्दिर खुमट, समैजी मन्दिर गन्ना, खुमट गुफाजस्ता पर्यटन क्षेत्रको विकासको अवसर आदि प्रचुर सम्भावनाहरु पनि हाम्रो सामु रहेका छन् ।

संवैधानिक रुपमा स्थानीय सरकारको हैसियत प्राप्त यस गाँउ कार्यपालिकाले मिति २०७५ अषाढ २५ गतेको तेस्रोगाँउसभाबाट कुल रु ३३,८८,१०,०००।०० (तेत्तिस करोड अठासी लाख दश हजार मात्र)को नीति, कार्यक्रम तथा वजेट पारित गरि कार्यान्वयन भइरहेको अवस्था गाँउ सभाको सबै सदस्यज्युहरुलाई विदितै छ ।

समिक्षा अवधि सम्मको कुल वास्तविक **चालु खर्च** करीव८४ प्रतिशतको प्रगती देखिन्छ । त्यसै गरि कुल यथार्थ **पुजिगत खर्च** करीव ५७ प्रतिशतको प्रगती देखिन्छ । ससर्त अनुदान तर्फ करीव ९१ प्रतिसतको प्रगति देखिन्छ  भने **समग्र** स्रोत परिचालन तर्फ करीव ७३ प्रतिशत को प्रगती हुन आउछ ।

त्यसै गरी आन्तरिक आय तर्फ समिक्षा अवधि सम्ममा रु. ५ लाखमात्र संकलन भएको छ जुन अनुमान गरे भन्दानिकै कम  हुन आउछ ।

## आदरणीय गाँउसभा अध्यक्ष

अव म तेस्रोगाँउ सभाबाट स्विकृत नीति, कार्यक्रम तथा वजेट कार्यान्वयन गरेका नीतिगत व्यवस्थाहरुको **समिक्षा** यस सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

संघीय शासन प्रशासन प्रणाली अन्तर्गत स्थानीय सरकारको रुपमा जन निर्वाचित प्रतिनिधिको हैसियतमा हामीले पहिलो पटक नीति, वजेट तथा कार्यक्रम सार्वजनिक गरि कार्यान्वयन गरेको पनि दुइ बर्ष पुरा हुन लागेको छ । यसकै दौरानमा पनि केहि आशा लाग्दो गतिमा विकास निर्माणको कार्यहरु अघि बढेका छन् ।

### १  आर्थिक विकास तर्फः

यस डिलासैनी गाँउपालिका बैतडी अन्तर्गत आ.ब. २०७५।०७६ को **आर्थिक विकास तर्फ** कुल विनियोजित रकम रु. १,४३,४४,०००।०० (एक करोड करोड त्रिचालिस लाख चौवालिस हजार मात्र) मा कृषि तर्फको रकम रु. ७,०७,७४०।००,( सात लाख सात हजार सात सय चालिस मात्र ) पशु तर्फ २६,३२,१३७।०० ( छब्बिस लाख बत्तिस हजार एक सय सैतिस मात्र )  पर्यटन तर्फ, २,००,०००।०० ( दुइ लाख मात्र)  रुपैया खर्च भई  कार्यक्रम संचालन भएको र सो शिर्षकमा छुट्याइएको बजेट कार्यक्रम प्राविधिक कर्मचारी अपुग हुनाले सो कार्यक्रम समयमै संचालन र सम्पन्न गर्न केही असहज भएको छ । यस आ.ब.मा कर्मचारी व्यवस्थापन गराई योजना /कार्यक्रमहरु समयमै सम्पन्न गराएका छौं ।

### २  सामाजिक विकास तर्फः

आ.ब. २०७५।०७६ को **सामाजिक विकास तर्फ** कुल विनियोजित रकम रु. १७,३३,१६,०००।००(सत्र करोड तेत्तिस लाख सोह्र हजार मात्र) मध्ये स्वास्थ्य क्षेत्रमा १,७८,१९,३९५ एक करोड अठहत्तर लाख उन्निसस हजार तिन सय पन्चानब्बे मात्र शिक्षा क्षेत्रमा ८,६८,६३,०८१।०० ( आठ करोड अडसठ्ठी लाख त्रिसठ्ठी हजार एकासी मात्र)लैगींक समानता र सामाजिक समावेशीकरण ३,७५,१०,३००।०० (तिन करोड पचहत्तर लाख दश हजार तिन सय मात्र) गरी ८२ प्रतिशत रकम खर्च भइसकेको छ । जस मध्ये शिक्षा, स्वास्थ्य लगायत महिलाहरु को लागि क्षमता विकास तथा सीप विकासका कार्यकमहरु लगायत विभिन्न वडाहरुमा जेष्ठ नागरिक सम्मान कार्यक्रमका साथै विभिन्न खाले दिवसहरु जस्तै नारि दिवस, बाल दिवस, जेष्ठनागरिक दिवसहरु हर्ष र उत्सहायका साथ मनाईयो । अबको वर्षमा प्रत्येक वडामा महिला विकास समुह, समितिहरुको गठन पुनर्गठन गर्दै संस्थाको रुपमा विकास गरि महिलाहरुलाई राष्टको मुलधारमा ल्याउने तथा समतामुलक विकास तर्फ अग्रसर भएकोछ ।

३ **पूर्वाधार विकास तर्फः**

आ.ब. २०७४।०७५ को **पूर्वाधार विकास तर्फको** कुल विनियोजित रकम रु. ८,७६,८३,०००।०० ( आठ करोड छेहत्तर लाख त्रियासी हजार मात्र ) को ५४ प्रतिशत रकम खर्च भइसकेको र बाँकि रहेका योजनाहरु क्रमागत रुपमा अघि बढिरहेका छन् । गाँउपालिकाका विभिन्न वडाहरुमा सडक सञ्जाल, सिंचाई, खानेपानि, विद्युत को विस्तार गर्न गाँउपालिका सफल भएको छ भने कतिपय स्थानहरुमा क्रमशः जारी छ ।

४ **बाताबरण तथा विपद व्यवस्थापन तर्फः** वातावरण तथा विपद व्यवस्थापन तर्फ कुल विनियोजित रकम रु ५१,२७,०००।००(एकावन्न लाख सत्ताइस हजार  मात्र ) मध्ये लगभग ४० प्रतिशत खर्च भयो जस मध्ये विपद जोखिम व्यवस्थापनका लागी गा.पा मा विपद व्यवस्थापन कोष खडा गठन भएको छ।

५ **सुशासन तथा संस्थागत विकासतर्फ :** सुशासन तथा संस्थागत विकास तर्फ कुल विनियोजित रकम रु २,३४,७९,०००।०० (दुइ करोड चौतिस लाख उनासी हजार मात्र ) मध्ये ९२ प्रतिशत रकम खर्च भइसकेकोछ । यसबाट जननिर्वाचित प्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिमा सहयोग पुगेको छ ।

समग्रमा आ.ब. २०७५/७६ को कार्यक्रम तथा बजेटको समिक्षा गर्दा निम्न बमोजिम सबल र दुर्गम पक्षहरु रहेका छन् ।

<u>सबल पक्षहरु</u>

- चालु आ.व. मा गाँउको वजेटको ठुलो हिस्सा पुर्वाधारमा लगानी भइ यातायातमा उलेख्य सुधार भएको छ । वडाहरुमा विकासको मेरुदण्डको रुपमा सडक विस्तार जारी रहेको छ ।
- हरेक विकासका  आयोजनाहरुको सर्भे, डिजाइन र स्टिमेट अनुसार काम भएको छ । खकरीगाड लघु जल विद्युत परियाजना र जमाडिगाड लघु जलविद्युत परियोजनाको निर्माण कार्यले गापा भित्र ग्रामिण विद्युतिकरणमा सहयोग पुगेको छ ।
- योजना अनुगमन कार्यको शुरुवात संगै गुणस्तर वृद्धि भएको छ ।
- संस्थागत अनुगमन प्रणालिको विकास भएको छ ।
- सबै वडा कार्यालयहरु क्रियाशिल भएकोले जनताले नजिकबाट सेवा प्रवाह प्राप्त गरेका छन् ।
- ठुला ठुला भौतिक पूर्वाधार सडक, खेल मैदान, भवन निर्माण जस्ता क्रमागत रुपमा निर्माण भैराखेको छ ।
- दरबन्दि अनुसार कर्मचारी नभए पनि सफलतापुर्वक कार्य सम्पादन गरिएको छ।

<u>दुर्बल पक्षहरु</u>

- उपभोक्ता समितिहरुलाई प्राविधिक ज्ञानको अभावका कारण सर्वे, डिजायन अनुसार काम गराउन कठिनाइ भएको छ ।
- दुरदर्शि र दिर्घकालिन योजना निर्माण नहुनाले अधिकांश योजनाहरु समयमै सम्पन्न हुन सकेका छैनन् ।
- कर्मचारी, साधनस्रोत र पुर्वाधारको अभावमा सिमित कर्मचारीले निरन्तर सेवा प्रवाह गर्दा पनि कर्मचारी प्रोत्साहनमा ध्यान पुग्न सकेको छैन ।
- राजस्व का दायरा र दर तोकिएपनि व्यावसायीक कारोवार न्युन हुन गएकोले आन्तरीक आम्दानि अपेक्षित रुपमा प्राप्त हुन सकेन ।
- गाँउ पार्श्वचित्र तयार नभएकोले योजना छनौट कार्यमा कठिनाइ महसुस भएको छ ।

## २ आगामी आर्थिक वर्ष २०७६।७७ कोबजेट तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

अव म यस डिलासैनी गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को **बजेट तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सोच, लक्ष्य, उद्देश्य र अपेक्षा

राष्ट्रले अंगिकार गरेका समृद्ध नेपाल र सुखि नेपालीको दिर्घकालिन लक्ष्य,सन २०३० सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकमा पुर्याउने लक्ष्य,सन २०३० सम्ममा दिगो विकास हासिल गर्ने विश्वव्यापी लक्ष्यहरु हासिल गर्ने राष्टियप्रतिवद्धतालाई मुर्त रुप दिनु स्थानीय सरकारको पनि प्रमुख भुमिका हुने भएकोले उपयुक्त स्थानीय नीति तथा कार्यकम मार्फत राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धता प्राप्तिमा सघाउ पुर्याउदै यस गाँउपालिकालाइ **समृद्ध गाँउ र सुखि नागरिक** बनाउने दिर्घकालिन सोच र लक्ष्यका साथ आगामी नीती ,वजेट तथा कार्यकम प्रस्ताव गरिएको छ ।

२.२ वार्षिक बजेट तथा कार्यकम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा कार्यकम

२.२.१ समग्रमा नीति तथा आधारहरु आधारभुत कृर्षि तथा पशुजन्य उत्पादनमा गाँउलाई आत्मनिर्भर बनाउने, शिक्षा, स्वास्थ्य , खानेपानि तथा सरसफाई जस्ता सामाजिक सेवाहरुको गुणस्तर अभिवृद्धि तथा पहुचँ सुधार मार्फत मानव विकासमा योगदान पुर्‍याउने , साना तथा लघु उद्धम विकास मार्फत गाँउवासीहरुको श्रम सीप पुजीको परिचालन गरि आर्थिक समृद्धि हासिल गर्ने, वातावरणमैत्री तथा गुणस्तरीय सडक संजालको निर्माण तथा स्तरोन्ती मार्फत स्थानीय उत्पालनलाई स्थानीय बजारसंग जोड्ने तथा पहुच विस्तार गरिने छ । पर्यटकीय गन्तव्यहरुको विकास, विस्तार तथा प्रवद्धन गरी प्राकृतिक, धार्मिक एवं सास्कृतिक पर्यटन मार्फत यस क्षेत्रको समृद्धि हासिल गर्ने दिर्घकालिन सोचाईको जगमा आगामी आ.वा ०७६।७७ को लागी प्रस्तावित नीति तथा कार्यकमहरु आधारित रहेकाछन् ।

- सामाजिक, आर्थिक, सांस्कृतिक रुपले सम्पन्न सुव्यवस्थित गाँउपालिका बनाउने,
- डिलासैनीका सम्पूर्ण वडाहरुमा सडक, खानेपानी, विद्युत पुर्‍याउनुका साथै समतामुलक तथा समावेशिकरण विकास गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमलाई बैकिंग प्रणाली युक्त बनाउने,
- पञ्जिकरण कार्यलाई online मा आधारित बनाउने ।

१ विकास कार्यक्रमहरु संचालन गर्न केन्द्रीय अनुदान निर्भरताले मात्र हाम्रा आवश्यकतालाई परिपुर्ति हुने सक्ने देखिदैन यसको लागि भरपर्दो आन्तरीक श्रोतका क्षेत्रहरु पहिचान गर्नुपर्ने देखिन्छ । गाँउपालिकाको आन्तरीक श्रोत प्रर्वद्धन हुने क्षेत्र पहिचान गर्न सरोकारवालाहरु संग समेतको छलफलवाट राजश्व परामर्श समितिको सिफारीसमा राजश्व संकलन हुने केही क्षेत्र पहिचान गरिएका छन् । करलाई नागरिक दायित्वको रुपमा विकास गर्दै आगामी दिनमा यसको दर भन्दा दायरा लाई फराकिलो बनाई वैज्ञानिक कर प्रणाली कार्यान्वयनका लागि विज्ञहरुवाट राजस्व प्रक्षेपण गराई दीगो श्रोतको रुपमा उपयोग गरिनेछ ।

२ विगत २० वर्षदेखि रिक्त स्थानीय निकायको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा डिलासैनीगाँउपालिकाको स्थानीय सरकारले यस गाँउपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडीएको, पछाडि पारिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूल प्रवाहिकरण हुने खालका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो तथा हावापानी सुहाउँदो कार्यक्रम एवं विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

३ जनताले लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधिहरु पाएसगै जनअपेक्षा ठूलो रहेको छ । जनताको यीनै अपेक्षाहरुको सम्बोधन गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, र सडक निर्माण, बैज्ञानिक कृषि प्रणाली, कृषिको व्यवसायिकरण र व्यपारिकरण मार्फत गरिबी न्यूनिकरण गर्ने, वृक्षरोपणको माध्यमबाट वनक्षेत्रको बृद्धि गरी जलवायु परिवर्तनको असर कम गर्न **हरियाली र समृद्ध डिलासैनी को निर्माण** गर्ने यस गाँउपालिकाको समृद्धिका आधार भन्ने लक्ष्यका साथ तयार गरिएको यो बजेटको उद्देश्य निम्नानुसार प्रस्तुत गरेको छु ।

- आर्थिक क्षेत्रको विकास मार्फत आर्थिक समृद्धिको हासिलमा अग्रसर हुने ।
- द्रुत आर्थिक विकासको राष्ट्रिय लक्ष्यमा सहभागि हुने ।
- राजनैतिक परिवर्तन, संघीयता र स्थानीय सरकारलाई संस्थागत गर्ने ।

-सबै प्रकारका विभेदहरुको अन्त्य गरी न्यायपूर्ण समाजको निर्माण गर्ने ।

-**दिगो सडक हाम्रो विकास** भन्ने नारा लिई भौगोलिक विकटता, जनसंख्या र लागत प्रतिफलको आधारमा सडक निर्माण गर्ने ।

**सभाध्यक्ष महोदय,**

अव  म आ.व. २०७६।७७ को कुल बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

आ.व. २०७६।७७ मा कुल बजेटरु ४६,४२,६२,०००।०० (छयालिस करोड बयालिस लाख बासठ्ठी हजार )प्रक्षेपण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अव  म आ.व. २०७६।७७ को विषयक्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास तर्फः

आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि मार्फत दिगो आर्थिक विकास हासिल गर्ने नीति लिईनेछ । कृषि तथा पशुपालनलाई व्यवसायिकरण तर्फ उन्मुख गराउन पहल गरिनेछ । आर्थिक विकासतर्फ रु. ३,००,००,०००।- (तिन करोड मात्र ) बजेट विनियोजन गरिएको छ ।

## कृषिको व्यवसायिकरण र आधुनिकिकरण तर्फ :

४ यस गाँउपालिका अधिकांस जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रबर्द्धन  विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवशायीक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।

५ उत्कृष्ट किसान छनौट गरी पुरष्कृत गरिने छ । यसका लागि गा.पा. उत्कृष्ट किसान कार्यक्रम लागू गरिनेछ ।

६ कृषि-योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराउन नवीनतम प्रविधिको समेत प्रयोग गरी साना सिंचाइ आयोजना कार्यान्वयन गरिने छ ।

७ कृषिलाइ व्यावसायीकरण गर्नका लागि कृषि उपज बजारीकिकरण गर्न कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ । यसका लागि रु ४,००,०००।०० बजेट विनियोजन गरेको छु ।

८ यस क्षेत्रलाइ उखु पकेट क्षेत्रको रुपमा विकास गरी उखु नगरीका रुपमा विकास गर्नका लागि रु १५,००,०००।०० रकम विनियोजन गरेको छु ।

९ बेमौसमी तरकारी उत्पादन लाइ बढाइ तरकारी उत्पादनमा आत्मनिर्भर गराउन तरकारी विउ वितरण का लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

१० पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा सबै वडाहरुमा यसै वर्षदेखि संचालन गरिने छ ।

११ कुखुरापालन, माछापालन, भैसीपालन, बाखापालन तर्फ युवा तथा कृषक लाई खोर, पोखरीमा समुहमार्फत अनुदान दिइ आयआर्जनमा लगाइनेछ । यसका लागि कृषि तथा पशु विकासतर्फ रु २,००,००,०००।०० रु दुइ करोड  बजेट विनियोजन गरिएको छ ।

## पर्यटन प्रबर्द्धन तर्फ

१२ यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै यस जिल्लाकै ऐतिहासिक र धार्मिक पहिचान बोकेको डिलासैनीक्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ । पर्यटकिय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ । साथै यस गाँउपालिका भित्र पर्यटन क्षेत्रको गुरुयोजना बनाउनेछ । यस क्षेत्रका धार्मिक, ऐतिहासिक क्षेत्रका वृत्तचित्र निर्माण गर्ने एवम् प्रसार प्रसार गरिनेछ । सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, नदिनाला, बनजगंल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।यसका लागि पर्यटन प्रबद्धनतर्फ रु ३०,००,०००।०० ( तिस लाख ) विनियोजन गरिएको छ ।

## सामाजिक विकास तर्फः

### शिक्षा क्षेत्रतर्फः

१३ सामुदायिक विद्यालयहरुमा कार्यरत निजी स्रोतका शिक्षकहरुको व्यवस्थापनमा सहयोग पुर्‍याई गुणस्तर सुधार गर्ने नीति कार्यान्वयन का लागि रु. १,८०,००,०००।- (एक करोड असी लाख ) विनियोजन गरिएको छ । यो रकम मापदण्ड एवं कार्यविधि बनाई सशर्त अनुदानको रुपमा अनुदान स्वरुप दिइनेछ ।

### स्वास्थ्य तर्फः

१४ यस गाँउपालिकाका कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि विभिन्न संघसस्थाहरु संग समन्वय तथा सहकार्य गरि पोषण सुधार कार्यक्रम संचालन का लागि बहुक्षेत्रीय पोषण योजना अन्तर्गत रु १४,३६,०००।०० (चौध लाख छत्तिस हजार मात्र ) विनियोजन गरेको छु ।

१५ स्वास्थ्य सेवा लाई सर्बसुलभ बनाउनम.स्वा.स्वं.से. कार्यक्रम लाई गुणस्तरीय र ब्यवस्थित गरिने छ । साथै महिला स्वास्थ स्वंयम्सेविकालाई प्रोत्साहन गर्न अनुदानमा वृद्धि गरिने नीति लिइनेछ । यसका लागि पर्याप्त रकम विनियोजन गरिएको छ ।

१६ आधारभुत स्वस्थ्य सेवाका लागि आबस्यक पर्ने निशुल्क औषधिको उपलब्धतालाई सुनिश्चित गर्न यथेष्ठ कजेटको ब्यबस्था गरिनेछ । यसका लागि रु १५,००,०००।- (रु.पन्ध्र लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

१७ सवै स्वास्थ्य चौकीहरुमा ल्याव प्रयोगशाला स्थापना गर्न आवश्यक पहल गरिनेछ। यसका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

१८ सार्वजनिक स्थान हरुमा स्तनपान कक्ष तथा सार्वजनिक शौचालय स्थापनाका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

## स्वच्छ खानेपानी तर्फः

१९ यस गाँउपालिकाभित्रका विभिन्न खानेपानी योजनाहरुको संचालन, खानेपानीको गुणस्तर सुधारका लागि रणनैतिक योजना तयार गरिनेछ। खानेपानी तर्फको लागि पर्याप्त बजेट विनियोजन गरिएको छ।

२० पुर्ण सरसफाइ वडा घोषणा कार्यक्रमका लागिरु १०,००,०००।०० ( रु दश लाख ) बजेट विनियोजन गरेको छु।

## खेलकुद तर्फः

२१ प्रदेश स्तरको खेलकुद मैदान/गाँउपालिका स्तरको खेल मैदान निर्माण गर्ने पहल गरिनेछ।

२२ प्रत्येक वडामा वडास्तरीय वार्ड खेल मैदान क्रमशः निर्माण गर्ने नीति अनुरुप खेलकुद तर्फको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## लैंगिक समानता तथा सामाजिक शसक्तिकरण तर्फः

२३ बालमैत्री शासनको प्रबर्द्धनमा जोड दिइ विविध कार्यक्रमको माध्यम बाट बालविवाह न्युनिकरणमा बिशेष पहल गर्न तथा लैगिंक समानता तथा समावेशीकरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## पूर्वाधार विकासतर्फः

२४ ठूला आयोजनाहरुको Pre-Feassibilityगर्ने कार्यको थालनी गरिनेछ यसका लागिआवश्यक बजेट विनियोजन गरेको छु।

२५ सुरक्षित तथा व्यवस्थित शहरी विकासमा जोड दिन नक्शा पास तथा अभिलेखिकरणलाई तिब्रता दिन नीतिगत व्यवस्था गरिनेछ।पूर्वाधार विकासका लागि रु. ४,००,००,०००।- (रु. चार करोड ) विनियोजन गरिएको छ।

## सडक तर्फः

२६ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिदै खोलिएका ट्र्याकहरुलाई स्तरोन्नति गर्दै लगिनेछ।पर्यटकिय सडक तथा दुई जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिइनेछ।यसका लागिसडक र पुल पुलेसा विकासतर्फ रु. २,००,००,०००।- ( दुइ करोड ) विनियोजन गरिएको छ।

## सिचाई तर्फः

२७ कृषियोग्य जमिनको अधिकतम सदुपयोग गर्न आवश्यक सिचाईको व्यवस्था गरिनेछ । सिचाईतर्फको लागि रु. १,००,००,०००।- (असी लाख पचास हजार मात्र) बजेट विनियोजन गरिएको छ ।

**विद्युत तर्फ:**

२८ केन्द्रिय विद्युत लाइन प्रसारणका लागि सम्बन्धित निकायसम्म पहल गरिनेछ भने लघु विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरि निर्माणलाई निरन्तरता दिइनेछ । यसका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ ।

**भवन तर्फ:**

२९ आ.ब. २०७६।०७७ देखि भूकम्प प्रतिरोधी घरहरु बनाई सूरक्षित आवासको थालनी गरिनेछ । यसका लागि नक्सा पास गरी घर बनाउने कार्यको थालनी गरिनेछ ।निर्माण भइसकेका घरहरुलाई सूचिकृत गर्ने नीति लिइनेछ ।दक्ष मिस्त्रीहरु उत्पादन गर्न तालिम कार्यलाई प्राथमिकता दिइनेछ ।

वातावरणीय क्षेत्रतर्फ:

३० बातावरण मैत्री स्थानीय शासन अबलम्बन गर्ने नीति लिइनेछ ।हरियाली गाँउ निर्माण गर्न सामुदायीक वनलाई प्रोत्साहन का लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

३१ उत्कृष्ट सामुदायिक वनलाई पुरष्कृत गर्ने निति लिइएको छ ।नर्सरी निर्माण, खालि ठाउमा वृक्षारोपण गर्ने निति लिइएको छ ।वातावरण विनास, प्रदुषण, भुक्षय, प्राकृतिक प्रकोप लाई न्युनिकरण गर्ने आवश्यक पहल गरिनेछ ।

३२ डिलासैनी गाँउपालिकालाई हराभरा बनाइ पर्यटन प्रवर्धन गर्न एक घर एक विरुवा बृक्षारोपण अभियान संचालन गर्ने निति लिइएको छ ।

३३ समग्रमा बातावरण तथा विपद व्यवस्थापन तर्फको लागि रु २,००,००,०००।०० (दुइ करोड ) बजेट विनियोजन गरिएको छ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन र वित्तिय व्यवस्था

## राजश्व तर्फ:

३४ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आ.व. ०७६।७७ देखि एकिकृत सम्पति कर लागु गर्ने निति लिइनेछ ।

३५ सार्वजनिक सुनुवाइ,आय व्यय सार्वजनिकिकरण, लेखापरिक्षण प्रणालीलाइ प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

३६ यस गाँउपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाँउपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने

खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ । गाँउपालिकाभित्र उत्कृष्ट कर्मचारी छनौट गरी पुरुष्कृत गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३७ आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै आ.ब. २०७६।०७७ लाई डिलासैनीगाँउपालिकाको **बजेट कार्यान्वयन वर्ष** को रुपमा मनाइनेछ । यसको लागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाँउपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

३८ कर्मचारी तालिम तथा प्रोत्साहन गर्ने कार्यको थालनी गरिनेछ । कर्मचारी तालिमका लागि रु. ५,००,०००।- (रु. पाच लाख) विनियोजन गरिएको छ ।

३९ डिलासैनीगाँउपालिका लाइ आर्थिक रुपमा समृद्ध , दिगो शान्ती ,सुशासन , विकास र समृद्धी तर्फ अगाडी बढाउन संघिय सरकार,प्रदेश सरकार, संघसस्थाहरु, राजनितिक दलहरु त्था आम नागरिक संग सहकार्य समन्वय गर्ने निति लिइनेछ ।संस्थागत विकास तथा सेवा प्रवाह र कार्यक्रम बाफत रु. २,००,००,०००।०० ( दुइ करोड ) विनियोजन गरिएको छ ।

४० राजस्व परिचालनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ । घरघरमा करको चर्चा गर्ने पद्धति विकास गरिनेछ । करदाता मैत्री करप्रणाली अवलम्बन गरिनेछ ।

## सूचना प्रविधि तर्फः

४१ गाँउपालिकाले सञ्चालन गर्ने कामहरुलाई पारदर्शि र सर्व साधारणको पँहुचमा वृद्धि गर्ने उद्देश्यले डिजिटल वडापत्र, ग्रुप एस.एम.एस, मोबाईल एप्स, आदिसंचालनको थालनी गरिने छ ।

४२ गाँउ कार्यपालिकाको कार्यालयमा सि.सि. क्यामेरा जडान गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४३ गाँउपालिका भरी इन्टरनेट सुविधा उपलब्ध गराइ डिलासैनी गाँउपालिकालाइ प्रविधि मैत्री बनाउन रु २५,००,०००।०० ( पच्चिस लाख ) बिनियोजन गरेको छु ।

**ससर्त अनुदान तर्फः**

४४ संघ तथा प्रदेश सरकार वाट प्राप्त हुने ससर्त अनुदान कार्यक्रम निर्धारित समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । साझेदारीमा संचालन गरिने कार्यक्रमहरुका लागि समपुरक कोष मा रु ३,५०,००,०००।०० तिन करोड पचास लाख विनियोजन गरेको छु ।

**स्रोत व्यवस्थापनः**

**स्रोत व्यवस्थापनः**

आ.व. २०७६।७७मानेपाल सरकारवाट प्राप्तवित्तिय समानिकरण अनुदानवापत रु ९,१५,०००।०० (नौ करोड पन्ध्र लाख ) ससर्त अनुदानवापत रु १६,६३,००,०००।०० ( सोह्र करोड त्रिसठ्ठी लाख ) , राजस्व वाँडफाँड वापत रु ७,५२,००,०००।०० ( सात करोड वावन्न लाख ) समपुरक अनुदानवापत रु ४,००,००,०००।०० ( चार करोड ) , विशेष अनुदान रु ४,००,००,०००।०० ( चार करोड ) जेष्ठ नागरीक दिर्घ सेवा सम्मानतथा सामाजिक सुरक्षा कार्यक्रम का लागि रु ६,००,००,०००।०० ( छ करोड ) , आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापनाकार्यक्रम का लागि रु ७८,००,०००।०० ( अठहत्तर लाख) ,बहुक्षेत्रीयपोषण कार्यक्रमअनुदान रु १४,३६,०००।०० ( चौधलाख छत्तिस हजार ) , पारिश्रमिकमा आधारीत आयोजना संचालन अनुदान ८०,००,०००।०० ( असीलाख ) र स्थानीय पुर्वाधार साझेदारी

विकास कार्यक्रम का लागि ६०,००,०००।०० ( साठीलाख ) गरी नेपाल सरकार वाट जम्मा रु ४२,४२,३६,०००।०० ( बयालिस करोडबयालिस लाख छत्तिस हजार ) प्राप्तहुनेछ ।त्यसै गरी सुदुर पश्चिमप्रदेश सरकारवाट वित्तिय समानिकरण अनुदान रु ६८,९०,०००।०० ( अडसठ्ठी लाखनब्बे हजार ), राजस्व बाँडफाँड बाट रु ११,३६,०००।०० (एघार लाख छत्तिस हजार), समपुरक अनुदान वाट रु १,१३,००,०००।०० ( एक करोड तेह्र लाख ) , विशेष अनुदान वाट रु ५६,००,०००।०० ( छपन्न लाख) ,प्रदेश पुर्वाधार विकास कार्यक्रम रु ६०,००,०००।०० ( साठीलाख ) गरी सुदुरपश्चिम प्रदेश वाट जम्मा रु ३,०९,२६,०००।०० ( तिन करोड नौ लाख छब्बिस लाख ) प्राप्तहुनेछ । गाँउपालिका को आन्तरीक आम्दानिबाट रु ११,००,०००।०० (एघार लाख ) र चालु आवका योजनाहरुको बचत रकम रु ८०,००,०००।०० ( असीलाख ) प्राप्तहुनेछ । यसरी गाँउपालिकाको आ.व.०७६।७७ को वार्षिक कुल आय रु ४६,४२,६२,०००।०० ( छयालिस करोड बयालिस लाख बासठ्ठी हजार) रहने अनुमान गरेको छु ।

**अन्त्यमा,**

प्रस्तुत आर्थिक बर्ष ०७५।०७६ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने गाँउ प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाँउसभा सदस्यज्यूहरु, विज्ञज्यूहरु, राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजि क्षेत्र लगायत गाँउवासी दाजुभाई तथा दिदीबहिनीहरु एवम् अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवादज्ञापन गर्दै बजेट कार्यान्वयनको लागि सबैको सहयोगको अपेक्षा गर्दछु ।

**धन्यबाद**

**प्रस्तुतकर्ताः**
पार्वती कुमारी भण्डारी (राना)
उपाध्यक्ष
डिलासैनी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
डिलासैनी, बैतडी